# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## सदस्यहरुको आचरण सम्बन्धी निर्देशिका

(आचार संहिता २०६० को परिपूरक)

## प्राक्कथन

लेखाव्यवसायको स्तरियतालाई कायम राख्न, लेखाव्यवसायको कार्य सम्पादनको उच्च गुणस्तर अझ बढी सुनिश्चित गर्न र पेशाप्रति जनसाधारणको विश्वास कायम राख्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सदैव कार्यशील रहदै आएको छ । यसै सिलसिलामा लेखाव्यवसायलाई मर्यादित व्यवसायको रुपमा विकास गर्न र सम्पूर्ण लेखाव्यवसायीलाई आफ्नो कर्तव्य र उत्तरदायित्व बोध गराउन र व्यवसाय सञ्चालनमा अनुशासन कायम राख्न अभिप्रेरित गर्ने उद्देश्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४ उपदफा १५ को अधिनमा रही नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको परिषदले मिति २०६० माघ १ गते देखि लागु हूने गरी आचार संहिता, २०६० जारी गरीसकेको छ । उक्त आचार संहिता अन्तरराष्ट्रिय लेखाव्यवसायी महासंघ (IFAC) बाट प्रतिपादित तत्कालीन आचार संहितामा आधारित छ । यसले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुको ग्राहक, रोजगारदाता, कर्मचारी, साझेदार आदिका साथै सर्वसाधारण समेतका आपसी सम्बन्धलाई नियमित र सम्मानजनक बनाउने प्रयत्न गरेको छ । सदस्यहरुको शुद्ध आचरण र सद्व्यवहारबाट नै समाजमा व्यवसाय एवं व्यवसायीहरुको मर्यादा एवं प्रतिष्ठा स्थापित हुने तथ्यलाई मनन गरिकन सबै सदस्यहरुले आफ्नो व्यावसायिक आचरण शुध्द राख्नमा विशेष ध्यान दिने छन् भन्ने अपेक्षा गरिएको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को परिच्छेद ८ मा लेखाव्यवसायसंग सम्बन्धित आचरण विपरित हुन जाने केही कार्यहरु उल्लेख गरिएका छन् । आचार संहिता, २०६० ले संस्थाका सदस्यहरुले पालना गर्नु पर्ने व्यावसायिक आचरणहरुका विषयमा सैद्धान्तिक रुपमा निर्देशित गरेको छ । कूनै सदस्यबाट आचरण विपरित कार्य भए गरेमा अनुशासनको कारवाहि हुने कुरा नेपाल चाटर्ड एकाउन्टेन्टस नियम, २०६१ नियम ३४ उपनियम १ मा व्यवस्था गरिएको छ । तर व्यवसाय संचालन गर्दा कस्ता कार्य भएमा आचरण विपरित हुने र अनुशासनको कारवाहीको भागीदार हुने भन्ने विषयमा बेलाबेलामा सदस्यहरुलाई दुबिधा पर्न जाने गरेको पनि देखिएको छ । ।

अत: लेखाव्यवसायको स्वयं नियमनको अवधारणालाई बल पुर्याउने, व्यावसायिक आचरण विपरितका कार्यहरु विषयमा हुन सक्ने संभाव्य दुबिधालाई सकेसम्म हटाउने, र नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐनको दफा ११ को खण्ड (ठ) बमोजिम समय समयमा परिषदले जारी गरेका मार्गदर्शन वा व्यावहारिक निर्देशनहरुलाई एकिकृत गरी नियमन प्रकृयामा सुगमता ल्याउने प्रयास स्वरुप नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको परिषदले क्रमिक रुपमा विभिन्न विषयमा सदस्यहरुको आचरण सम्बन्धी निर्देशिकाहरु तयार गर्ने र लागु गर्दै जाने निर्णय गरेको छ । यी निर्देशिकाहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४ को उपदफा (१५) ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको मानिने छ । यी निर्देशिकाहरुलाई व्यावहारिक तुल्याउन समयानुसार थपघट, संशोधन तथा परिमार्जन गर्दै लगिनेछ  तथा व्याख्या र स्पष्टिकरणहरु थपिदै जानेछन् । प्रत्येक पटक निर्देशिका जारी हुंदा आचार संहिता, २०६१ को कुन परिच्छेदसंग सम्बन्धित हो भन्ने कुरा पनि उल्लेख हुनेछ  ।

संस्था द्वारा जारी सबै निर्देशिकाहरु आचार संहिता, २०६० को परिपुरक हुने छन् र यस मार्फत आचार संहितामा उल्लिखित व्यवस्थाहरुलाई अझ वढी सुनिश्चित, निर्दिष्ट तथा व्याख्या सहित स्पष्ट गर्ने प्रयास गरिनेछन् । लेखाव्यवसाय सञ्चालनको दौरानमा कुनै सदस्यले जानी जानी यस निर्देशिका विपरित कार्य गरेको देखिएमा आचार संहिता उल्लंघन गरिएको मानी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम कारवाही हून सक्नेछ । सदस्यहरुको सुविधाको लागी यी निर्देशिकाहरुमा आचार संहिता विपरित हुने कार्यहरुको सुची सम्भव भए सम्म विस्तारित रुपमा उल्लेख गर्ने प्रयास गरिनेछन् तर ती सुचीहरु आफैमा पुर्ण भएको मानिने छैन । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ र आचार संहिता, २०६० र सो अन्तर्गत जारी निर्देशिकाहरुको विपरित लेखाव्यवसायको मर्यादा, मुल्य र मान्यतामा आंच आउने कार्य कुनै सदस्यले गर्नु हुंदैन ।

व्यावसायिक आचरण सम्बन्धमा कुनै सदस्यलाई दूबिधा वा संशय पर्न गएको खण्डमा आफै परिभाषा नगरी स्पष्टिकरणको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सल्लाह प्राप्त गर्नु उचित हुनेछ र मागिएको खण्डमा उपयुक्त सल्लाह यथाशिघ्र प्रदान गर्न संस्था सदैव तत्पर रहनेछ ।

**यस प्राक्कथन परिषदको निर्णयानुसार मिति २०६३ बैशाख २३ गते जारी गरिएको छ ।**

# सदस्यहरुको आचरण सम्बन्धी निर्देशिका

(आचार संहिता, २०६० को परिपुरक)

## निर्देशिका १ : प्रचार प्रसार र विज्ञापन सम्बन्धी

## (आचार संहिता २०६० को खण्ड ७ र खण्ड १४ संग सम्बन्धित)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा पारित आचार संहिता, २०६० को खण्ड ७ मा प्रचार प्रसार र खण्ड १४ मा विज्ञापन तथा आग्रह सम्बन्धी आचरणको व्यवस्था गरिएको छ । लेखाव्यवसायीले उक्त संहितामा उल्लेख भएका व्यवस्थाहरुका साथै प्रस्तुत निर्देशिकामा उल्लेख भएका आचरणहरुको पालना गर्नु पर्दछ ।

**पृष्ठभुमी :**

लेखाव्यवसायीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्नो व्यवसायको प्रचार प्रसारका उद्देश्यले विज्ञापन, समाचारपत्र, परिपत्र, व्यक्तिगत सञ्चार वा अन्तर्वार्ता वा अन्य कुनै पनि माध्यमबाट व्यावसायिक कार्य प्राप्त गर्न वा प्रदान गर्न आग्रह गर्न हुँदैन । आफूमा भएको योग्यता वा प्राप्त गरेको अनुभव बढाई चढाई गरी प्रचार प्रसार गरेमा वा अरु लेखा व्यवसायीहरुको काम कारवाहीलाई अपमानित गरेमा एउटा स्वतन्त्र पेशाको गरिमा माथि आंच पुग्न सक्ने र पेशाकै स्वच्छ प्रतिस्पर्धाको वातावरणमा प्रतिकूल असर पर्न सक्ने यथार्थतालाई प्रत्येक लेखाव्यवसायीले मनन गर्नु पर्दछ । कुनै लेखा व्यवसायीले सार्वजनिक विज्ञापनको माध्यमबाट व्यवसाय प्राप्त गर्न खोजेमा त्यसले सर्वसाधारणमा समेत नकारात्मक प्रभाव पर्न सक्ने भएकोले प्रचार प्रसार र विज्ञापनलाई आफ्नो व्यवसायको माध्यम बनाउन हुंदैन ।

तर झुठो, भ्रामक वा कपटपूर्ण नहुने गरी सरोकारवाला सार्वजनिक क्षेत्र वा जनसाधारणलाई वास्तविकताको जानकारी गराउने उद्देश्य भएमा, सुरुचिपूर्ण भएमा, व्यावसायिक दृष्टिकोणबाट मर्यादित भएमा र पेशागत व्यवसायमा संलग्न लेखाब्यवसायीको नाम बारम्बार नदोहोरिने गरी वा नामले अनुचित प्रमुखता नपाउने गरी पेशागत व्यवसायमा संलग्न लेखाव्यवसायीले सार्वजनिक रुपमा गरेको विज्ञापन स्वीकार्य हुन्छ । (आचार संहिता २०६०, खण्ड १४.१) ।

लेखाव्यवसायीले प्रचार प्रसार र विज्ञापनको माध्यमबाट लेखाव्यवसाय संचालन गर्ने वा काम खोजी गर्ने लगायतका कार्यहरु पूर्ण रुपमा बन्द गरी पेशामा अनुशासन, इमान्दारिता, वस्तुगतता र पेशाप्रति कटिबद्धता नै विज्ञापन र प्रचार प्रसार हो भन्ने सिद्धान्तलाई मानी आफ्नो पेशा व्यवसाय संचालन गर्नु पर्दछ । अत: देहायको अवस्थामा आफ्नो व्यवसायको प्रचार प्रसार विज्ञापन आदि आचरण विरुद्ध कार्य गरेको मानिनेछ :

**प्रचार प्रसार र विज्ञापन सम्बन्धमा आचार संहिता विपरित हुने कार्यहरुको विवरण:**

(क) <u>डाईरेक्ट्रीमा नाम प्रकाशन सम्बन्धी</u>

लेखाव्यवसायीले आफ्नो ग्राहकलाई सम्पर्क गर्न सजिलो होस् भन्ने हेतुले टेलिफोन वा अन्य व्यापारिक डाईरेक्ट्रीहरुमा सामान्य रुपमा सूचीकरण गर्न बाहेक आफ्नो पेशाको

विज्ञापन गर्ने नियतले आफ्नो वा आफ्नो फर्मको कुनै पनि विवरण प्रकाशन गर्नु हुदैन ।

<u>व्याख्या</u>

अन्य नामहरु भन्दा छुट्टै देखिने गरी ठूला आकृतिका अक्षर प्रयोग गराइएमा अथवा आफ्नो वा आफ्नो फर्मको नाम, ठेगाना, टेलिफोन, फैक्स, इमेल आदि बाहेक आफूले प्रदान गर्ने सेवाहरु वा आफूले सेवा प्रदान गरिएका ग्राहकहरुको विवरण आदि छपाइएमा आचरण विपरितको कार्य मानिने छ ।

स्पष्टसंग प्रबर्द्धनात्मक विज्ञापनका रुपमा मानिन नसकिने गरी लेखा व्यवसायीले पेशा वा व्यावसायिक सूचीमा सूचीकृत हुन सक्छ । त्यस्तो सूची प्रविष्टीमा लेखाव्यवसायीको नाम, ठेगाना, टेलिफोन र व्यावसायिक विवरणका अतिरिक्त सूची प्रयोगकर्तालाई लेखाव्यवसायी वा प्रविष्टीसंगै सम्वन्धित संगठनसंग सम्पर्क राख्न आवश्यक जानकारी मात्रमा प्रविष्टी सीमित हुनुपर्दछ । (आचार संहिता २०६०, खण्ड १४.२)

पेशागत लेखाव्यवसायीले आफ्नो ग्राहक अथवा कसैको स्वैच्छिक अनुरोधमा कुनै गैरग्राहकलाई लेखा व्यवसायीले प्रदान गर्ने सेवाको तथ्यगत र वस्तुनिष्ठ विवरणका साथै साझेदारहरूको नाम, कार्यालय ठेगाना र सहयोगी फर्म र प्रतिनिधिहरूको नाम ठेगाना उल्लेख भएको सूची प्रदान गर्न सक्नेछ । (आचार संहिता २०६०, खण्ड १४.२)

(ख) <u>पर्चा छाप्ने र बांड्ने सम्बन्धी</u>

लेखाव्यवसायीले आफ्नो वा आफ्नो फर्मको प्रचार प्रसार गर्ने हेतुले कुनै प्रकारको पर्चा बनाउन, बांड्न वा सार्वजनिक स्थानमा टांस्न हुदैन ।

<u>व्याख्या</u>

कुनै पनि लेखा व्यवसायीले आफ्नो व्यक्तिगत वा पेशा व्यवसाय वा आफ्नो फर्मको प्रचार प्रसार गर्ने उद्देश्य राखी कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष माध्यमबाट कुनै पनि किसिमको पर्चा बनाउन, पर्चा बांड्न वा कुनै पनि सार्वजनिक स्थलहरुमा टांस्न निषेध गरिएको छ ।

(ग) <u>व्यवसाय प्राप्त गर्न प्रयास गर्ने सम्बन्धी</u>

लेखाव्यवसायीले पत्रपत्रिका लगायतका अन्य संचार माध्यम मार्फत, सहयोगको रुपमा शुल्क नलिने घोषणा लगायतका प्रलोभन देखाई, अनुरोध पत्र पठाई वा वैयक्तिक बिबरण (C.V.) बांडी लेखाव्यवसायको कार्य प्राप्त गर्ने प्रयास गर्नु हुदैन ।

<u>व्याख्या</u>

लेखाव्यवसायीले आफ्नो नाम तथा फर्मको नाम आदि गोप्य राखेर अन्य असम्बन्धित व्यक्ति वा संस्था मार्फत व्यवसायिक कार्य प्राप्त गर्ने गरी अप्रत्यक्ष रुपमा प्रचार प्रसारमा संलग्न भएको पाइएमा समेत व्यवसाय प्राप्त गर्न प्रयास गरेको ठहरिने छ ।

लेखाव्यवसायीले साझेदारीमा वा तलवी कर्मचारीको रुपमा लेखाव्यवसाय सम्बन्धी कार्यको खोजी गर्दा कुनै पनि माध्यमव्दारा सम्बन्धित पक्षलाई सूचना गर्न सक्नेछ ।

तर पेशागत व्यवसाय खरीद गर्न खोजे जस्तै गरी उपठेक्काको लागि प्रचार प्रचार गर्न भने हुदैन । लेखा व्यवसायीको नाम, ठेगाना र टेलिफोन नम्बर समेत नदिई पेशागत संगठनका प्रकाशनहरुमा मात्र उपठेक्का सम्बन्धी विज्ञापन गर्ने सम्म स्वीकार्य हुन सक्छ । लेखाव्यवसायीले पेशागत व्यवसायको खोजी वा रोजगारीको खोजीमा आफूलाई रोजगारी दिन सक्ने अर्को लेखा व्यवसायीलाई पत्र लेख्न वा प्रत्यक्ष सम्पर्क राख्न सक्छ । (आचार संहिता २०६०, खण्ड १४.२)

(घ) <u>पुस्तक वा लेख रचना प्रकाशन सम्बन्धी</u>

लेखाव्यवसायीले कुनै पुस्तक प्रकाशन गर्दा वा पत्र पत्रिका वा अन्य कुनै प्रकाशनमा लेख रचना छपाउंदा वा प्रकाशन गर्दा वा कुनै पत्रिकामा प्रश्नोत्तर, समीक्षा आदि स्तम्भमा लेख्दा आफ्नो नाम, व्यावसायिक योग्यता, वा आफ्नो फर्मको नाम उल्लेख गर्ने बाहेक आफ्नो वा आफ्नो फर्मको प्रचार प्रसार हुने किसिमको कुनै पनि शब्द, चिन्ह वा वाक्यांश उल्लेख गर्नु हुदैन ।

<u>व्याख्या</u>

लेखाव्यवसायीले व्यावसायिक विषयमा पुस्तक वा लेख लेख्दा आफ्नो नाम, व्यावसायिक योग्यता, आफ्नो फर्मको नाम उल्लेख गर्न पाउनेछ तर आफ्नो फर्मले प्रदान गर्ने सेवाको वारेमा उल्लेख गर्नु हुदैन । लेखाव्यवसायीले लेख्ने वा भन्ने कुरा निज वा निजको फर्मको प्रवर्द्धन नहुने गरी विचार ब्यक्त गर्ने विषयको बारेमा वस्तुनिष्ठ र पेशागत विचार हुनु पर्दछ । (आचार संहिता २०६०, खण्ड १४.२)

कर्मचारीको र ग्राहकको सहयोगका लागि जारी भएका प्राविधिक सूचना दिने लेखाब्यवसायीको नाम भएका पुस्तिका र कागजातहरू ती ब्यक्ति वा अन्य लेखाव्यवसायीहरूलाई पनि जारी गर्न सकिन्छ । माग गरेको अवस्थामा बाहेक यस्ता पुस्तिका र कागजात अरु ब्यक्तिहरूलाई जारी गर्नु हुदैन । (आचार संहिता २०६०, खण्ड १४.२)

लेखाव्यवसायीसंग कुनै सल्लाह नगरिकन आचार संहिता विपरित हुने किसिमका कुराहरु समेत उल्लेख गरी छापिएको अवस्थामा लेखाव्यवसायीले सो छाप्ने सम्बन्धित व्यक्तिलाई तत्कालै त्यस व्यहोराको जानकारी गराई उक्त कुरा आचार संहिता विपरित हुने भएकाले छाप्न नमिल्ने जानकारी दिई आचार संहिता विपरित हुने कुरा हटाउन लगाउनु पर्दछ र सोको जानकारी अबिलम्ब संस्थालाई दिनुपर्दछ ।

(ङ) <u>अन्तरवार्ता वा भाषण वा मन्तव्य दिने सम्बन्धी</u>

लेखा व्यवसायीले कुनै संचार माध्यमबाट सार्वजनिक अन्तरवार्ता दिंदा वा सार्वजनिक स्थलमा भाषण वा मन्तव्य दिंदा आफ्नो वा आफ्नो फर्मको नाम उल्लेख गर्ने बाहेक आफ्नो फर्म र व्यवसायको प्रचार प्रसार हुने किसिमबाट कुनै पनि अभिव्यक्ति दिनु हुदैन

<u>व्याख्या</u>

सार्वजनिक अन्तरवार्ता लिने व्यक्तिले वा प्रकाशकले लेखाव्यवसायीको अनुभव, निजको फर्मले प्रदान गर्ने सेवाको वारेमा उल्लेख गर्न आग्रह गरेमा लेखा व्यवसायीले उक्त

कुरा आफ्नो पेशागत आचरण विपरित भएकाले उल्लेख गर्न नमिल्ने कुरा जानकारी गराउनु पर्दछ ।

यसरी जानकारी दिंदा पनि वा आफूसंग कुनै सल्लाह बेगरनै आचार संहिता विपरितका कुरा समेत उल्लेख गरी अन्तरवार्ता वा प्रश्नोत्तर, समीक्षा पत्र पत्रिकामा छापिएको रहेछ भने लेखाव्यवसायीले सम्बन्धित पत्र पत्रिकालाई तत्कालै त्यस व्यहोराको जानकारी गराएर उक्त कुरा आफूले उल्लेख नगरेको स्पष्ट गर्नुपर्छ र सोको जानकारी अबिलम्ब संस्थालाई दिनुपर्दछ ।

लेखाव्यवसायीले व्यवसायसंग सम्बन्धित विषयमा व्याख्यान वा अन्तरवार्ता वा रेडियो वा टेलिभिजन कार्यक्रममा सहभागी हुंदा आफ्नो नाम, व्यावसायिक योग्यता, आफ्नो फर्मको नाम उल्लेख गर्न पाउनेछ तर आफ्नो फर्मले प्रदान गर्ने सेवाको वारेमा उल्लेख गर्नु हुदैन । लेखाव्यवसायीले भन्ने कुरा निज वा निजको फर्मको प्रवर्द्धन नहुने गरी विचार ब्यक्त गर्ने विषयको बारेमा वस्तुनिष्ठ र पेशागत विचार हुनु पर्दछ । (आचार संहिता २०६०, खण्ड १४.२)

(च) **कर्मचारी भर्ना सम्बन्धी**

लेखा व्यवसायीले आफ्नो फर्ममा वा ग्राहकको लागि कर्मचारी भर्ना गर्दा गरिने विज्ञापनमा आफ्नो व्यवसाय प्रचार प्रसार गर्ने किसिमको कुनै पनि कुरा समावेश गर्नु हुदैन ।

**व्याख्या**

कर्मचारीको पद साच्चिनै खाली भएमा पदपूर्तिको अन्य साधारण विज्ञापन सरह कुनै पनि माध्यमव्दारा प्रचार प्रसार गर्न सकिनेछ । यस्ता विज्ञापनमा कर्मचारीले गर्नु पर्ने कार्यको विवरण दिंदा लेखाव्यवसायीव्दारा ग्राहकलाई प्रदान गरिने एक वा केही सेवाका वारेमा जानकारी दिन सकिनेछ तर व्यवसाय प्रवर्द्धन गर्ने कुनै कुरा समावेश हुनु हुदैन । व्यवसाय वा फर्मको आकार, फर्मले पाएका सम्बन्धन वा अन्य कुनै व्हिोरा उल्लेख गरी त्यसैको फलस्वरुप अन्य लेखाव्यवसायी फर्मको तुलनामा फर्मले पुऱ्याउने सेवा उत्कृष्ट भएको कुनै संकेत गर्ने हुनु हुदैन । (आचार संहिता २०६०, खण्ड १४.२)

पेशागत व्यवसायमा संलग्न लेखाव्यवसायीले ग्राहकको लागि मुख्य रुपमा कर्मचारी आवश्यकताको विज्ञापन गर्न सक्नेछ । यद्यपि ग्राहकको उद्देश्य हासिल हुने कुरामा नै प्रचार प्रसारमा महत्व दिइएको कुरा लेखाव्यवसायीले सुनिश्चित गर्नुपर्दछ । (आचार संहिता २०६०, खण्ड १४.२ )

विद्यालय तथा अन्य शैक्षिक संस्थाका विद्यार्थीहरू र अध्ययन पूरा गरी पेशामा बृत्ति विकासका अवसर खोज्नेहरूलाई खास रुपमा लक्षित गरिएका प्रकाशनहरूमा जनसाधारणलाई पुऱ्याउने सेवा व्यापारिक ढांचामा वर्णन गर्न सकिनेछ । कुनै सम्भावित ग्राहकले व्यावसायिक सल्लाहकार छनौटको माध्यमका रुपमा प्रयोग गर्ने संभावना नहुने गरी कर्मचारी आवश्यकताको विज्ञापनलाई कुनै पत्रिकाको आवश्यकताको विज्ञापन छाप्ने स्थान वाहेक अन्य प्रमुख स्थानमा छपाएको भए पनि स्वीकार्य हुनेछ । (आचार संहिता २०६०, खण्ड १४.२ )

(छ) **<u>नाम पाटी(नेमप्लेट), व्यावसायिक मसलन्द आदि :</u>**

लेखा व्यवसायीले व्यवसायिक कारोबारको सिलसिलामा प्रयोग हुने नामपाटी (नेमप्लेट), परिचयपत्र, भिजिटिंग वा विजिनेश कार्ड वा व्यावसायिक मसलन्द एवं कागजपत्र आदिमा आफ्नो हैसियत, पूर्व हैसियत वा लेखाव्यवसायसंग असम्बन्धित पद वा हैसियत लेख्न वा छाप्न हुंदैन ।

<u>व्याख्या</u>

व्यावसायिक कारोवारको सिलसिलामा प्रयोग हुने नामपाटी (नेमप्लेट) वा परिचयपत्र वा बिजिनेश कार्ड, फाईल वा लेटरप्याड लगायत व्यवसायसंग सम्बन्धित कागजपत्रहरुमा आफ्नो नाम वा फर्मको नाम साथ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४५(५) बमोजिम लेख्न पाउने पदनाम (फेलो चार्टर्ड एकाउन्टेन्ट, चार्टर्ड एकाउन्टेन्ट्, दर्तावाला लेखापरीक्षक) लेख्ने बाहेक व्यावसायिक प्रचार प्रसारका <u>उद्देश्यले</u> वा सो उद्देश्य नभए पनि आफ्नो पूर्व हैसियत वा लेखाव्यवसायसंग असम्बन्धित पद वा हैसियत वा कुनै व्यावसायिक, सरकारी वा गैर सरकारी संघ संस्थामा आफू बहाल रहेको पद वा आफू कुनै विषयको विशेषज्ञ भएको कुरा उल्लेख गरी लेख्ने वा छाप्ने गर्नु हुदैन ।

तर अन्तरराष्ट्रिय लेखाव्यवसायी फर्मसंग सम्बन्धन भएका फर्मको हकमा नियम बमोजिम स्वीकृत प्राप्त सम्बन्धन झल्किने शब्द प्रयोग गर्न सकिने छ । ( नियम ४५(७) )

दर्तावाला लेखापरीक्षक सदस्यले दर्तावाला लेखापरीक्षक भन्ने शब्दहरु पछि आफ्नो बर्ग समेत उल्लेख गर्नु पर्नेछ ।

लेखाव्यवसायी सदस्य कुनै फर्मको साझेदार रहेको भए साझेदार शब्द लेख्न बाधा परेको मानिने छैन ।

कुनै लेखाव्यवसायी सदस्यले आफनो व्यावसायिक कारोवारको सिलसिलामा प्रयोग हुने नामपाटी वा परिचयपत्र वा फाईल वा लेटर प्याड लगायत व्यवसायसंग सम्बन्धित कुनै पनि कागजपत्रमा "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य" भनी उल्लेख गर्नु हुंदैन । ( नियम ४५(४) )

पेशागत व्यवसायमा संलग्न लेखाव्यवसायी तथा निजको साझेदार, मुख्य अधिकृत तथा सो व्यवसायसंग सम्बन्धित अन्य ब्यक्तिहरूद्वारा प्रयोग गरिने मसलन्द कागजपत्रहरूमा समावेश हुने वा छपाई गरिने व्यावसायिक वृतान्त, प्रतिनिधित्व गर्ने शहर वा देशको नाम, प्रतिक चिन्ह आदि स्वीकार्य व्यावसायिकमान तथा प्रचलित नियम कानुन बमोजिम वा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाव्दारा निर्धारित शर्तसंग मेल खाने हुनु पर्दछ । पेशागत सेवा प्रदानको क्रममा कुनै विशिष्ट प्रकृतिको सेवा पनि प्रदान गर्ने गरेको जनाउने पद वा योग्यताको प्रयोगको छुट दिइनु हुदैन । लेखाव्यवसायीको वा फर्मको नामपाटी बनाउंदा पनि यी व्यवस्थाहरू उपयुक्त भएसम्म लागू हुनेछन् । ( आचार संहिता २०६०, खण्ड १४.२ )

(ज) <u>साईन बोर्ड, होर्डिङ्ग बोर्ड सम्बन्धी</u>

लेखाव्यवसायीले आफ्नो फर्म वा कार्यालयमा २ (दूईं) फिट x ३½ (साढे तीन) फिट भन्दा ठूलो साईनबोर्ड वा नियोन लाईट जडित साइनबोर्ड वा होर्डिंग बोर्ड राख्न हुदैन । साईनबोर्डमा नाम, प्रमाणपत्र नम्बरहरु, ठेगाना, सम्पर्क नम्बरहरु र पदनाम वाहेक आफ्नो व्यवसायको बारेमा तथा फर्मको प्रचार प्रसार हुने किसिमको कुनै शब्द वा चिन्ह प्रयोग गर्नु हुदैन ।

<u>व्याख्या</u>

अन्तरराष्ट्रिय लेखा व्यवसायी फर्मसंग सम्बन्धन भएका फर्मको हकमा सो तथ्य झल्किने शब्द प्रयोग गर्न सकिने छ । ( नियम ४५(७) )

लेखाव्यवसायीले निवासमा आफ्नो पदनाम तथा योग्यता सहितको नेमप्लेट राख्न सक्नेछ तर फर्मको कार्यालय नरहेको स्थानमा फर्मको साईनबोर्ड राख्न पाउने छैन ।

(झ) <u>लोगो वा विशेष चिन्ह सम्बन्धी</u>

लेखाव्यवसायीले सांकेतिक चिन्ह राखी आफ्नो फर्मको लोगो बनाई प्रयोग गर्न हुदैन ।

<u>व्याख्या</u>

लेखा व्यवसायीले आफ्नो फर्मको नाम उल्लेख हुने अक्षर बाहेक अन्य सांकेतिक चिन्ह राखी आफ्नो फर्मको लोगो बनाई प्रयोग गर्न हुदैन । तर लेटरप्याड अरुले नक्कल गर्न नसक्ने तुल्याउन वा सुरक्षाको लागी वाटरमार्क भएको वा यस्तै कागज प्रयोग गर्न सक्नेछ ।

(ञ) <u>ग्राहकले जारी गरेको कागजातमा लेखाव्यवसायीको नाम समावेश सम्बन्धी</u>

कुनै लेखाव्यवसायी सदस्य कुनै कम्पनीको संचालक वा सल्लाहकार पदमा बहाल रहेको अवस्थामा उक्त कम्पनीले प्रकाशन गर्ने विवरण पत्र वा सार्वजनिक सुचना आदिमा निज सदस्यको कार्य अनुभव वा फर्मको नाउं समेत उल्लेख गर्नु हुदैन ।

<u>व्याख्या</u>

ग्राहकले आफ्नो चालु वा कुनै नया प्रस्तावित व्यावसायिक उपक्रम संग सम्बद्ध रहेको नाताले लेखाव्यवसायीलाई निजद्धारा प्रतिवेदन प्रकाशित गर्न प्रस्ताव गरेको खण्डमा लेखाव्यवसायीले प्रतिवेदन प्रकाशनको प्रसंगले सर्वसाधारणमा प्रतिवेदनको आशय र प्रकृतिको सम्बन्धमा भ्रम नफैलने कुरा सुनिश्चित गर्न कदम चाल्नु पर्दछ । यस्तो परिस्थितिमा प्रतिवेदन प्रकाशित गर्नु अघि ग्राहकले पुर्व स्वीकृति लिनु पर्ने व्यहोरा निजलाई लेखा व्यवसायीले जानकारी गराउनु पर्दछ । स्वतन्त्र पेशागत हैसियतमा व्यवसाय संचालन गरिरहेको ग्राहकले लेखाव्यवसायीको नाम समावेश गरी प्रकाशित गर्न लागेको अन्य कागजातहरुको सम्बन्धमा पनि यस्तै दृष्टिकोण राख्नु पर्दछ । यस व्यवस्थाले ग्राहकको बार्षिक प्रतिवेदनमा लेखाव्यवसायीको नाम समावेश गर्न वाधा पुऱ्याउने छैन । (आचार संहिता २०६०, खण्ड १४.२ )

लेखा व्यवसायी व्यक्तिगत हैसियतमा कुनै संस्थामा आवद्ध भएको वा पद धारण गरेको छ भने त्यस्तो अवस्थामा सो संस्थाले कार्यालयको मसलन्द तथा अन्य कागजातहरुमा निज लेखाव्यवसायीको नाम र पेशागत पद समावेश गर्न सक्नेछ । यस्तो सूचनाले

स्वतन्त्र पेशागत हैसियतमा संगठनसंग सम्बद्ध रहेको व्यहोरा जनसाधारणले विश्वास गर्ने अवस्था नआउने कुरा लेखा व्यवसायीले सुनिश्चित गर्नु पर्दछ । (आचार संहिता २०६०, खण्ड १४.२ )

(ट) <u>पत्रपत्रिका मार्फत प्रचार प्रसार सम्बन्धी :</u>

लेखाव्यवसायीले फर्मको संरचना वा ठेगानामा भएको परिवर्तनको सूचना प्रकाशन गर्दा आफ्नो वा फर्मको प्रचार प्रसार हुने कुनै पनि शब्दको प्रयोग गर्नु हुदैन ।

<u>व्याख्या</u>

कुनै लेखाव्यवसाय फर्मको एकल वा साझेदारी संरचनामा भएको परिवर्तन वा व्यावसायिक ठेगानामा भएको परिवर्तन वा शाखा कार्यालय स्थापनाको सार्वजनिक सूचना पत्रपत्रिकामा प्रकाशन गर्दा उक्त फर्मले प्रदान गर्ने लेखाव्यवसाय सेवाको प्रचार प्रसार हुने किसिमको कुनै पनि विवरण वा वाक्यांशको प्रयोग गर्नु हुदैन ।

लेखाव्यवसायीले नयां व्यवसायको थालनी वा लेखाव्यवसाय फर्मको साझेदारी संरचनामा भएको परिवर्तन वा व्यावसायिक ठेगानामा भएको परिवर्तनको सार्वजनिक सूचना उपयुक्त पत्रपत्रिकामा प्रकाशित गर्न सक्नेछ । यस्तो सार्वजनिक सूचना तथ्यगत विवरण सम्ममा सीमित हुनु पर्दछ, साथै यस्तो सूचना प्रकाशन गर्ने पत्रपत्रिकाको वितरण हुने क्षेत्रको उपयुक्तता र सूचना प्रकाशन गर्ने संख्यामा पनि विचार पुऱ्याउनु पर्दछ । ( आचार संहिता २०६०, खण्ड १४.२ )

(ठ) <u>शुभकामना, बधाई, वा समवेदना सम्बन्धी</u>

लेखाव्यवसायीले आफ्नो वा आफ्नो फर्मको प्रचार प्रसार हुने गरी शुभकामना, बधाई वा समवेदना पठाउंनु वा छपाउनु हुदैन ।

<u>व्याख्या</u>

लेखाव्यवसायीले आफ्नो वा फर्मको नाम र पदनाम बाहेक आफ्नो अनुभव, योग्यता, फर्मको नाउं आफूले प्रदान गर्ने सेवा समेत उल्लेख गरी पत्रपत्रिका वा पत्र वा कार्ड मार्फत शुभकामना, बधाई वा समवेदना पठाउने वा छपाउने कार्य गर्न निषेध गरिएको छ

(ड) <u>कार्यक्रम प्रायोजन सम्बन्धी</u>

कुनै पनि लेखाव्यवसायी सदस्यले व्यक्तिगत नामबाट बाहेक पदनाम उल्लेख गरी वा फर्मको नामबाट सार्वजनिक प्रचार हुने किसिमको कुनै प्रकारको कार्यक्रम प्रायोजन गर्नुहुदैन ।

<u>व्याख्या</u>

कुनै पनि लेखाव्यवसायीले आफ्नो पदनाम उल्लेख गरी वा फर्मको नामबाट आफ्नो फर्म वा पेशा व्यवसायको प्रर्वद्धन गर्न सार्वजनिक प्रचार हुने किसिमको कुनै प्रकारको कार्यक्रमको आयोजना तथा प्रायोजन गर्न निषेध गरिएकोछ ।

लेखाव्यवसायीले आफ्ना कर्मचारीहरूको लागि सञ्चालन गरेका तालिम सेमिनारहरूमा आफ्ना ग्राहकहरू, कर्मचारीहरू वा अन्य लेखा व्यवसायीहरूलाई सहभागी हुन

आमन्त्रण गर्न सक्नेछ । यस्ता तालिम वा सेमिनारहरूमा आफैले सहभागी हुन अनुरोध गरेको अवस्थामा बाहेक अन्य असम्बन्धित व्यक्तिहरूलाई आमन्त्रण गर्नु हुँदैन । लेखाव्यवसायीको कुनै पनि कुराले अन्य लेखा व्यवसायीहरूलाई तालीम दिने संघ संस्था वा शैक्षिक संस्थाहरूले आफ्ना सदस्य वा सर्वसाधारणको लागि आयोजना गर्ने कार्यक्रमहरूमा तालिम सेवा प्रदान गर्न नसक्ने अवस्था सिर्जना गर्नु हुदैन । यद्यपि तालीम सम्बन्धी प्रकाशित पुस्तिका वा कागजातमा लेखाव्यवसायीको नामसंगै अनावश्यक प्रतिष्ठा जोड्न भने हुदैन । (आचार संहिता २०६०, खण्ड १४.२)

(ढ) **पार्षद तथा पदाधिकारीहरुको आचरण सम्बन्धी**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद तथा पदाधिकारीले आफ्नो लेखाव्यवसायको सिलसिलामा प्रयोग हुने कुनै पनि कागजातमा संस्थासंग सम्बद्ध कुनै पद वा हैसियत उल्लेख गर्नु हुंदैन ।

**व्याख्या**

संस्थाका पार्षदहरुलाई संस्थाको लोगो र पद सहितको बिजिनेश कार्ड संस्थाले उपलब्ध गराएको छ भने त्यस्ता कार्ड संस्थाकै कार्यको सिलसिलामा बाहेक अन्य स्थानमा प्रयोग गर्नु हुंदैन । आफ्नो लेखाव्यवसायको सिलसिलामा प्रयोग हुने कुनै पनि कागजातमा संस्थाको अध्यक्ष, उपाध्यक्ष, पार्षद वा कुनै समितिको सदस्य वा संस्थासंग सम्बद्ध कुनै पद वा हैसियत बारे उल्लेख गर्नु हुंदैन । तर वैयक्तिक विवरणमा यस्ता व्यहोरा उल्लेख गर्न वाधा पर्ने छैन ।

संस्थामा पूर्ण समय सेवारत लेखाव्यवसायीहरुले पनि संस्थाले उपलब्ध गराएको विजिनेश कार्डमात्र प्रयोग गर्नु पर्नेछ ।

संस्थाका अध्यक्ष, उपाध्यक्ष, कार्यकारी निर्देशक वा अन्य कर्मचारी वा समितिका कुनै सदस्यले कुनै पुस्तकमा मन्तव्य वा प्राक्कथन वा यस्तै व्यहोरा प्रकाशन गर्दा आफ्नो पदनाम वाहेक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नाम उल्लेख गरी वा नगरी संस्थासंग सम्बद्ध कुनै पद वा हैसियत उल्लेख गर्न पाउनेछैन ।

(ण) **सार्वजनिक नियुक्ति र पुरस्कार सम्बन्धी :**

लेखाव्यवसायीले प्राप्त गरेको सार्वजनिक नियुक्ती तथा पुरस्कारलाई व्यक्तिगत स्वार्थ तथा लाभको रुपमा प्रयोग गर्नु हुदैन ।

**व्याख्या:**

स्थानीय वा राष्ट्रिय रुपमा महत्व राख्ने गरी भएको लेखा व्यवसायीको नियुक्ति वा निजले गरेको क्रियाकलाप वा पेशागत विशिष्टताका लागि दिइएको पुरस्कारलाई निज सदस्य रहेको संस्थाको नाम समेत उल्लेख गरी प्रचार प्रसार गर्नु लेखा व्यवसाय एवं सार्वजनिक हितमा हुन्छ । यसो भएता पनि यस्तो क्रियाकलापको लेखाव्यवसायीले आफ्नो व्यक्तिगत व्यावसायिक लाभको लागि उपयुक्त नियुक्ति र क्रियाकलापको प्रयोग गर्नु हुदैन । (आचार संहिता २०६०, खण्ड १४.२)

द्रष्टव्य: यस आचार संहिता निर्देशिकामा उल्लेख भएका कुराहरु आफैमा पूर्ण होइनन् । अत: निर्देशिकामा उल्लेख नभएको भए पनि लेखा व्यवसायीले आचार संहिताको सैद्धान्तिक मूल्य र मान्यता विपरित व्यावसायिक कार्य प्राप्त गर्न प्रयास गर्न वा आफ्नो व्यवसाय र आफूले दिने सेवालाई प्रचार प्रसार गर्ने उद्देश्य निहित अन्य कुनै कार्यहरु समेत गर्नु हुदैन ।

**परिषदको निर्णयानुसार यो निर्देशिका नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन, २०५३ (संशोधन सहित) को दफा ११ को खण्ड (ठ) बमोजिम मिति २०६४ साल जेठ महिना ६ गते देखि सम्पूर्ण सदस्यहरुले पालना गर्नु पर्ने गरी जारी गरिएको छ ।**

---

*"ऐन" भन्नाले "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संशोधन) ऐन, २०५३" लाई जनाउंछ ।*
*"नियम" भन्नाले "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१" लाई जनाउंछ ।*

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

# सदस्यहरुको आचरण सम्बन्धी निर्देशिका

(आचार संहिता, २०६० को परिपुरक)

## निर्देशिका २ : व्यवसायिक कार्य प्राप्तिको लागि आग्रह, नयां कार्यको स्वीकार र शुल्क तथा कमिशन सम्बन्धी

(Soliciting Business, Accepting New Engagement, Fees and Commission)

**(आचार संहिता, २०६० को खण्ड १० तथा १३ संग सम्बन्धित)**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको आचार संहिता, २०६० को खण्ड १० मा शुल्क तथा कमिशन र खण्ड १३ मा नयां कार्यको स्वीकार सम्बन्धमा व्यवस्था गरिएको छ । लेखाव्यवसायीले उल्लेखित व्यवस्थाहरुका साथै प्रस्तुत निर्देशिकामा उल्लेख भएका आचरणहरुको पालना गर्नु पर्दछ ।

**पृष्ठभूमि :**

व्यवसायिक कार्य प्राप्तिको लागि आग्रह गर्दा, नयां कार्यको स्वीकार गर्दा र शुल्क तथा कमिशन निर्धारण गर्दा लेखाव्यवसायीले सार्वजनिक हित र आफ्नो पेशा व्यवसायको मर्यादा समेतलाई बिशेष ध्यान दिनु पर्दछ । लेखाव्यवसायीले व्यवसायिक क्षमता, सम्बन्धित बिषयको ज्ञान तथा अनुभव, सेवा प्रदान गर्दा लाग्ने समय र त्यस कार्यमा खट्ने जनशक्तिको योग्यता जस्ता आधारलाई विचार गरी व्यवसायिक शुल्क निर्धारण तथा कार्य स्वीकार गर्नु पर्दछ । लेखाव्यवसायीको कुनै ग्राहकबाट प्राप्त हुने लेखापरीक्षण शुल्क कूल आयको ठूलै हिस्सा हुन गएमा स्वतन्त्रता माथि प्रश्न चिन्ह खडा हुन सक्ने कुराको ख्याल गर्नु पर्दछ । लेखाव्यवसायीले लेखा व्यवसायको काम प्राप्त गर्नका लागि कसैलाई डर, धाक, त्रास वा प्रलोभन देखाई प्रत्यक्ष वा अप्रत्यक्ष तवरले प्रभावित पारी लेखा व्यवसायको काम प्राप्त गर्नु हुँदैन ।

लेखाव्यवसायीले व्यवसायिक आचरणका आधारभूत सिद्धान्तहरु: स्वतन्त्रता, कर्तव्यनिष्ठता, बस्तुनिष्ठता, व्यवसायिक क्षमता र उचित सतर्कता, गोपनियता, व्यवसायिक व्यवहार र प्राविधिक मानलाई आधार मानी व्यवसायिक कार्यको जिम्मेवारी लिनु पर्दछ ।

देहायको अवस्थामा लेखाव्यवसायीले गर्न नहुने भनी उल्लेखित कुराहरु गरेमा आचार संहिताको उल्लंघन गरेको मानिनेछ ।

१) व्यवसायिक कार्य प्राप्तिको लागि आग्रह:

**लेखाव्यवसायीले व्यवसाय विकास गर्ने उद्देश्यले सम्भावित ग्राहकहरुसमक्ष विभिन्न माध्यम मार्फत आफ्नो वैयक्तिक बिबरण, व्यावसायिक दक्षता वा अनुभवको विवरण बितरण गर्न, अनुरोध पत्र पठाउन, कम शुल्क वा नि:शुल्क रुपमा कार्य गर्न सकिने आदी आशयका साथ प्रस्ताव राखी लेखाव्यवसायको कार्य प्राप्त गर्ने प्रयत्न गर्नु हुंदैन ।**

तर निम्न परिस्थितिमा आचार संहिताको उल्लंघन भएको मानिने छैन ।

१.१ सम्भावित ग्राहकको अनुरोधको आधारमा आफूले प्रदान गर्न सकिने सेवाको बयान सेवा प्रदान गर्ने तरिकाको बिस्तारित व्याख्या तथा अनुमानित समय र शुल्क समेत तोकेर व्यावसायिक कार्यको लागि प्रस्ताब पठाउन यस दफाले बाधा परेको मानिनेछैन ।

१.२ लेखाव्यवसायीले साझेदार वा तलवी कर्मचारीको रुपमा लेखाव्यवसाय सम्बन्धी कार्यको खोजी गर्दा आफूलाई रोजगारी दिन सक्ने अर्को लेखाव्यवसायीलाई वा सम्बन्धित पक्षलाई सम्पर्क राख्न सक्दछ । (आचार संहिता २०६०, अनुच्छेद १४.२)

व्याख्या

संभावित ग्राहकलाई लेखा व्यवसायिक सेवा आवश्यक छ भन्ने जानकारी पाएमा वा लागेमा कुनै पनि माध्यमबाट काम माग्नु हुदैन ।

यस्तै, लेखाव्यवसायीले विभिन्न माध्यम मार्फत व्यवसायिक कार्य प्राप्त गर्ने उद्देश्यले पेशा व्यवसायको गरीमा तथा मर्यादा माथि आंच पुग्ने गरी वा आफूलाई थाहा नभएको विषयलाई थाहा भएको भान पर्ने गरी बढाई चढाई गरी लेखा व्यवसायिक कार्य प्राप्ति गर्नु हुदैन ।

२) **प्रचलित कानून बमोजिम नियुक्ती स्वीकार गर्नुपर्ने:**

**प्रचलित कानून बमोजिम लेखापरीक्षक नियुक्त हुन योग्य भएको तथा आवश्यक रित पुरा भएको कुरा एकिन नगरिकन नियुक्ती स्वीकार गर्नु हुदैन ।**

व्याख्या:

लेखापरीक्षकको रुपमा नियुक्त हुनका लागि प्रचलित कानूनले आवश्यक योग्यता तोकेको वा आवश्यक रीत पूरा भएमा मात्र लेखापरीक्षकको रुपमा नियुक्ती हुन सक्ने व्यवस्था गरेको अवस्थामा लेखाव्यवसायीले आफ्नो नियुक्ती स्वीकार गर्नु भन्दा अगावै आफू लेखा परीक्षकमा नियुक्त हुनको लागि आवश्यक रीत पुरा भए नभएको वा आफू नियुक्त हुन सक्ने वा नसक्ने कूराको यकिन गर्नु पर्दछ ।

कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, सहकारी ऐन २०४८ लगायतका बिभिन्न ऐनहरुमा लेखापरीक्षक नियुक्तीका सम्बन्धमा विभिन्न व्यवस्था गरिएको छ । ती व्यवस्थाहरुलाई समेत ख्याल गरेर लेखाव्यवसायीले नियुक्ती स्वीकार गर्नुपर्दछ ।

३) **स्वार्थको अन्तरद्वन्द (Conflict of interest)**

**नियुक्ती स्वीकार गर्दा उक्त नियुक्तीले स्वार्थको अन्तरद्वन्द सिर्जना हुने अवस्थामा नियुक्ती स्वीकार गर्नु हुदैन ।**

व्याख्या:

व्यावसायिक कार्य विशेषत: लेखापरीक्षण सेवा प्रदान गर्दा व्यावसायिक स्वतन्त्रतामा कुनै किसिमको आंच नपरोस भन्ने विशेष ध्यान दिनु पर्दछ । तेस्रो पक्षको दृष्टिले हेर्दा स्वार्थको अन्तरव्दन्द देखिन जाने परिस्थिति सिर्जना हुन दिनु हुदैन । ग्राहकलाई दुइ वा बढी प्रकारका सेवा प्रदान गर्दा स्वार्थको अन्तरद्वन्द सिर्जना हुन सक्ने भएकोहुंदा लेखापरीक्षण सेवाको साथै अन्य सेवा प्रदान गर्दा यस विषयमा विशेष सतर्कता अपनाउनु पर्दछ ।

स्वार्थको अन्तरद्वन्द सिर्जना हुन सक्ने केही उदाहरणहरुमा एउटै व्यक्ति एउटै ग्राहकको लेखापरीक्षक र सर्भेयर हुंदा, आन्तरिक र अन्तिम लेखापरीक्षक हुंदा, सल्लाहकार र लेखापरीक्षक हुंदा, वा स्वार्थको अन्तरद्वन्द हुने भनी प्रचलित कानून वा आचार संहिता, २०६० मा उल्लेख गरिएका अवस्थामा हुन सक्दछ ।

लेखापरीक्षकले ग्राहकलाई अन्य कुनै पनि सेवा प्रदान गर्नु हुदैन भनिकन पूर्णतया निषेधित गर्न खोजिएको होइन, तर अन्य सेवाबाट पनि आय आर्जन गरेको कारणले लेखापरीक्षकको

कर्तव्यनिष्ठतामा आंच आउन सकिने परिस्थिति आउन हुदैन । उदाहरणार्थ, लेखापरीक्षकसंग केही कागजात प्रमाणीकरण गराइएकोमा अथवा कुने सम्बन्धित विषयमा सल्लाह लिइएकोमा थप शुल्क प्राप्त गर्नमा बाधा पर्दैन, तर लेखापरीक्षण सेवाबापतको पारिश्रमिकको अनुपातमा असन्तुलित मात्रामा बढी पारिश्रमिक पाउने गरी अन्य सल्लाहकार सेवा प्रदान गर्दा स्वार्थको अन्तरव्दन्द स्पष्ट हुन्छ । यस्तै वीमकको लेखापरीक्षकले सर्भेयरको समेत काम गर्दा आफुले गरेको कामको आफैले जांच गर्नु पर्ने हुंदा स्वतन्त्रतामा आंच आउने देखिन्छ ।

४) <u>साविक लेखाव्यवसायीलाई जानकारी दिनुपर्ने:</u>

**प्रस्तावित लेखाव्यवसायीले साविक लेखाव्यवसायीलाई लिखित जानकारी नदिई नयां नियुक्ती स्वीकार गर्नु हुदैन ।**

४.१ लेखाव्यवसायीको इमान्दारीता र वस्तुनिष्ठतामा आंच आउने गरी कुनै कार्य गर्नका लागि अनुरोध भएको अवस्थामा उक्त अनुरोध अस्वीकार गरेको कारणले साविक लेखाव्यवसायीलाई ग्राहकले हटाउन खोजेको अवस्थामा प्रस्तावित लेखाव्यवसायीले नियुक्ती स्वीकार गर्नु हुदैन ।

४.२ ग्राहकले साविक लेखाव्यवसायीलाई जानकारी नदिइकन कार्य गर्न आग्रह गरेको अवस्थामा समेत साविक लेखाव्यवसायीलाई जानकारी नै नदिई कार्य लिनु हुदैन । (आचार संहिता २०६० अनुच्छेद १३.१०)

४.३ प्रस्तावित लेखाव्यवसायीले साविक लेखाव्यवसायीलाई सूचना दिएपछि मनासिब समयसम्म उक्त सूचनाको जवाफ नपर्खिकन नियुक्ती स्वीकार गर्नु हुदैन ।

तर निम्न परिस्थितिमा जवाफ प्राप्त नभइकन पनि नियुक्ती स्वीकार गर्न सकिने छ ।

क) नयां नियुक्ती स्वीकारको लागि मनासिब समय पर्खन सक्ने अवस्था नभएको खण्डमा शर्तमूलक नियुक्ती स्वीकार गर्न सकिनेछ जसमा साविक लेखाव्यवसायीले जानकारी पठाए पछि मात्र नियुक्ती सम्बन्धमा अन्तिम निर्णय दिने कुरा बताउनुपर्छ ।

ख) साविक लेखाव्यवसायीले प्रस्तावित लेखाव्यवसायीबाट सूचना पाए पछि मनासिव समय भित्र आवश्यक जानकारी दिनु उत्तम हुन्छ । साविक लेखाव्यवसायीले मनासिव समय भित्र जवाफ नपठाएमा प्रस्तावित लेखाव्यवसायीले कार्य स्वीकार गरेको सूचना साविक लेखाव्यवसायीलाई पठाएर कार्य स्वीकार गर्न सक्दछ ।

<u>व्याख्या:</u>

प्रस्तावित लेखाव्यवसायीले साविक लेखाव्यवसायीलाई दिनुपर्ने जानकारी असल सद्भावको लागि मात्र नभई साविक लेखाव्यवसायीले आफूलाई बदली गर्नाको कारण थाहा पाओस र आफ्नो तथा समुदायको हित तथा स्वतन्त्रताको रक्षा गर्न सकोस् भन्नु हो । यसरी जानकारी दिनुको उद्धेश्य ग्राहकले आफ्नो इच्छा अनुसार लेखाव्यवसायी छनौट गर्न पाउने अधिकारमा रोक लगाउन खोजिएको होइन । ग्राहकमा आफूले चाहेको लेखाव्यवसायी नियुक्ती गर्न पाउने अधिकार रहेको हुन्छ । सामान्यत: व्यवसायको स्थान परिवर्तन भएमा, ग्राहकको कुनै साझेदारले काम छाडेमा वा नीजको मृत्यु भएमा, ग्राहक र लेखाव्यवसायी बीच बिबिध कारणबाट बेमेल भएमा ग्राहकले अर्को लेखाव्यवसायीलाई नियुक्त गर्न सक्दछ । साविक लेखाव्यवसायीले सो कुरा स्वीकार गर्नुपर्ने हुन्छ ।

साविक र प्रस्तावित लेखाव्यवसायी बीचको सूचनाको आदान प्रदानले नयां नियुक्ती स्वीकार वा अस्वीकार गर्नको लागि सहयोग गर्ने र लेखाव्यवसायीहरु बीच सुमधुर सम्बन्ध कायम राख्न मद्दत गर्दछ ।

साविक लेखाव्यवसायीसंग प्रस्तावित लेखाव्यवसायीले जानकारी लिंदा कुनै व्यावसायिक वा अन्य कुनै कठिनाइहरुका सम्बन्धमा समेत सोध्नु उपयुक्त हुन्छ ।

विभिन्न प्रकारका विवाद तथा शूल्कको कारणबाट ग्राहकले लेखाव्यवसायी परिवर्तन गर्न चाहेको हुन सक्दछ । ग्राहकले कुनै लेखाव्यवसायीलाई कार्य स्वीकारका लागि आग्रह गरीसकेपछि प्रस्तावित

लेखाव्यवसायीले साविक लेखाव्यवसायीलाई जानकारी पठाउदा शुल्कको कारणले वा अन्य कारणले काम स्वीकार नगर्नका लागि साबिक लेखाव्यवसायी वा अन्य व्यक्तिबाट दबाव आउन सक्दछ । यस्तो अवस्थामा स्वयंले उचित मूल्यांकन गरेर मात्र नियुक्ती स्वीकार गर्नु पर्दछ ।

लेखाव्यवसायी परिवर्तन गर्न खोजिएका कारणहरुमा साविक लेखाव्यवसायीले ग्राहकको दबाबमूलक कार्य स्वीकार नगरेको कारणले नीजलाई हटाउन खोजेको पनि हुन सक्छ । यस्तो परिस्थितिको जानकारी पाएमा उक्त नियुक्ती स्वीकार गर्न उचित भए नभएको निर्णय गर्नको लागि सहायक हुनेछ ।

प्रचलित कानून बमोजिम ग्राहकको लेखाव्यवसायी अन्य निकायले छनौट गर्नुपर्ने अवस्था भएमा पनि साविक लेखाव्यवसायीलाई प्रस्तावित लेखाव्यवसायीले सूचना दिन अनिवार्य हुन्छ ।

ग्राहकलाई दुई वा सो भन्दा बढी लेखाव्यवसायीले सेवा प्रदान गरीरहेका छन् भने सम्बन्धित लेखाव्यवसायीलाई मात्र जानकारी गराउन उपयुक्त हुन्छ ।(आचार संहिता २०६० अनुच्छेद १३.१२)

पेशागत लेखाव्यवसायीको सेवा प्राप्त गर्न प्रतिस्पर्धात्मक ठेक्का टेन्डर वा बोल कबोल पेश गर्न आव्हान गरिएको अवस्थामा पुरानो लेखाव्यवसायीको ठाउंमा नयां लेखाव्यवसायी नियुक्ति हुने भएमा नियुक्ति स्वीकार गर्नु भन्दा अघि साविक लेखाव्यवसायीसंग प्रस्तावित कार्य स्वीकार गर्न नहुने कुनै पेशागत कारण भए नभएको बुझ्नका लागी सम्पर्क गर्ने अवसर प्रदान गर्नुपर्ने शर्त बोलपत्र वा बोल कबोलमा उल्लेख गर्नु पर्दछ । बोलपत्र वा बोलकबोल स्वीकृत भएपछि साविक लेखाव्यवसायीसंग सम्पर्क गर्नु पर्दछ । (आचार संहिता २०६० अनुच्छेद १३.२६)

प्रस्तावित लेखाव्यवसायीले साविक लेखाव्यवसायीबाट मनासिब समय भित्र जवाफ नपाएमा र प्रस्तावित परिर्वतन असामान्य परिस्थितिको नलागेमा सुचना आदान प्रदान गर्न प्रभावकारी माध्यम अपनाउनु पर्दछ । त्यसरी पनि सन्तोषजनक नतिजा प्राप्त नभएमा प्रस्तावित लेखाव्यवसायीले नियुक्ति स्वीकार गर्न नहुने कुनै पेशागत आधार नभएको र नियुक्ति स्वीकार गर्ने मनसाय समेत रहेको व्यहोरा उल्लेख गरी साविक लेखाव्यवसायीलाई पत्र लेख्नु पर्दछ । (आचार संहिता २०६० अनुच्छेद १३.२३)

साविक लेखाव्यवसायीलाई प्रस्तावित लेखाव्यवसायीले आफ्नो बिद्युतीय संचार माध्यम (email ID) वा हुलाकको माध्यमबाट जानकारी पठाउन सक्दछ । जानकारी पठाएको हो भन्ने कुरा प्रमाणित गर्ने भार प्रस्तावीत लेखाव्यवसायीको हुनेछ ।

५) <u>व्यवसायिक क्षमताको आधारमा कार्य जिम्मा लिने:</u>

**लेखाव्यवसायीले आफूले गर्न नसक्ने वा सो सम्बन्धी विषयमा आवश्यक व्यावसायिक क्षमता वा जानकारी नभएमा सो कार्यको जिम्मेवारी लिनु हुदैन ।**

<u>व्याख्या:</u>

एकै लेखाव्यवसायीले लेखा सम्बन्धी सबै विषयको अनुभव तथा विशेष दक्षता हासिल गरेको छ भन्न सकिदैन । लेखाव्यवसायीले स्तरीय व्यवसायिक सेवा प्रदान गर्न सक्ने देखिएमा मात्र त्यस्तो कार्यको जिम्मा लिनु पर्दछ । ग्राहकलाई कस्तो खालको सल्लाहकार आवश्यक पर्ने हो, त्यस्को सम्बन्धमा आफू सक्षम भए वा नभएको कुरा विचार गर्ने र आफू उक्त कार्य गर्न असक्षम भएको अवस्थामा अन्य सक्षम लेखाव्यवसायी समक्ष पठाइ दिनु लेखाव्यवसायीको कर्तव्य हुन्छ ।

६) <u>कार्यको सीमा सम्बन्धी:</u>

**प्रस्तावित लेखाव्यवसायीले साविक लेखाव्यवसायीबाट कुनै कार्य प्राप्त गरेमा तोकिएको कार्यको सीमा भन्दा बाहिर गई कुनै पनि कार्य गर्नु हुदैन ।**

व्याख्या:

साविक लेखाव्यवसायीले गर्ने कार्य भन्दा भिन्नै वा साविक लेखाव्यवसायी वा ग्राहकले पहिले दिएको कार्य भन्दा अलग्गै किसिमको कार्य गरिदिन लेखाव्यवसायीलाई अनुरोध गरेमा त्यसलाई सेवा वा सल्लाह उपलब्ध गराउने छुट्टै अनुरोध सम्झनु पर्दछ । यस किसिमको नियुक्ति स्वीकार गर्नु भन्दा अगाडि साविक लेखाव्यवसायीलाई यस कुराको जानकारी दिनु लेखाव्यवसायीको पेशागत दायित्व भएको कुरा ग्राहकलाई सम्झाउनु पर्छ । (आचार संहिता २०६० अनुच्छेद १३.९)

७) कमिशन वा दलाली दस्तुरको हिस्सेदार सम्बन्धी:

**लेखाव्यवसायीले लेखापरीक्षण सेवा प्रदान गरे वापत आर्जित पारिश्रमिक वा लेखापरीक्षण व्यवसाय वापत आर्जित मुनाफालाई लेखाव्यवसायी बाहेक अन्य व्यक्तिसंग बांडफांड गरी लिनु दिनु हुदैन ।**

तर निम्न परिस्थितिमा आचार संहिताको उल्लंघन भएको मानिनेछैन ।

७.१ लेखापरीक्षण बाहेक अन्य प्रकारका व्यवसायिक सेवाहरु पनि लेखाव्यवसायीहरुले प्रदान गर्दा लेखाव्यवसायी बाहेक अन्य व्यवसायी वा बिशेषज्ञसंग संयुक्त रुपमा सेवा प्रदान गर्नुपर्ने हुन्छ । यस प्रकारका सेवाबाट आर्जित पारिश्रमिक वा मुनाफा अन्य व्यवसायीसंग बांडफांड गर्नुपर्ने परिस्थिति हुने हुंदा यस प्रकारका सेवाबाट प्राप्त हुने आयको वाडफाडलाई आचरण विपरीत मानिनेछैन ।

७.२ लेखाव्यवसायी चालु लेखाव्यवसायको पुरै वा केहि अंश खरीद गर्न सो व्यवसायको साविक संचालक वा त्यस्ता संचालकका हकवाला वा सम्पत्ति खरिद बिक्रीकर्तालाई रकम भुक्तानी गर्ने गरी संलग्न हुन सक्दछ । (आचार संहिता २०६० अनुच्छेद १०.१२)

७.३ प्रोप्राइटरसिप फर्मको हकमा प्रोपाइटरको र साझेदारी फर्मको हकमा कूनै साझेदारको मृत्यू भएमा निजको मृत्यू हूंदाका बखतसम्म मृतकको नाममा संचित रकम निजको गैह्र लेखाव्यवसायी उत्तराधिकारीले प्राप्त गर्न सक्नेछ ।

७.४ लेखा व्यवसायीले विदेशी लेखाव्यवसायीसंग संयूक्त रुपमा काम गर्दा नियमावलीको अधिनमा रही शुल्कमा हिस्सेदार हुन बाधा परेको मानिनेछैन ।

व्याख्या:

संस्थाको सदस्यता पाएको व्यक्ति बाहेक अन्य व्यक्तिसंग आफूले पाएको वा आर्जन गरेको लेखापरीक्षण शुल्क वा पारिश्रमिकमा कुनै किसिमको साझेदारी गर्न वा मुनाफामा हिस्सा दिनु हुदैन र सदस्यता पाएका व्यक्ति लगायत अन्य कुनै व्यक्तिसंग आफूले पाएको वा आर्जन गरेको व्यवसायिक शुल्कमा कमिशन, दलाली आदि दिनु हुदैन । (ऐनको दफा ३४(३))

लेखाव्यवसायीले तेश्रो पक्षलाई ग्राहक जुटाइदिए वापत कमिशन दिन वा सेवाको सिफारीश गरी कमीशन स्वीकार गर्नु हुदैन । (आचार संहिता २०६० अनुच्छेद १०.१०)

पेशागत व्यवसायमा संलग्न लेखाव्यवसायीले प्राप्त गर्ने वा भुक्तानी गर्ने कमिशनले वस्तुनिष्ठता र स्वतन्त्रतामा आंच आउन सक्छ । लेखाव्यवसाय सम्बन्धी कार्य प्राप्त गर्नका लागि लेखाव्यवसायी बाहेक अन्य व्यक्तिलाई कमिशन दिने वा व्यवसायिक कार्य उपलब्ध गराइदिए वापत कमिशन लिने कार्यले स्वतन्त्र लेखा व्यवसायमा गम्भीर आघात पुग्न गई लेखा व्यवसायमा अस्वस्थ्य प्रतिस्पर्धा हुन जान्छ ।

कुनै सेवा प्रदान नगरीकन पेशागत व्यवसायीले सेवा शुल्क लिए दिएमा कमीशन लिए दिएको ठहर्छ । (आचार संहिता २०६० अनुच्छेद १०.११ र १०. १३)

८) नि:शुल्क सेवा प्रदान :

**लेखाव्यवसायीले सामान्यत: नि:शुल्क लेखाव्यवसायिक सेवा प्रदान गर्नु हुदैन ।**

तर, विशुद्ध सामाजिक सेवाको उद्देश्य राखी स्थापना गरिएका परोपकारी संस्था वा आध्यात्मिक संस्थाहरुलाई व्यावसायिक सेवाको गुणस्तरमा कमी नआउने गरी दानको भावनाले प्रदान गरिएको लेखाव्यवसायी सेवा नि:शुल्क भएमा आचार संहिता विरुद्ध भएको मानिनेछैन ।

व्याख्या:

कुनै पनि व्यापार वा व्यवसाय सम्बन्धी करारको आधार एक पक्षले अर्को पक्षलाई दिने लाभमा भर पर्दछ । नि:शुल्क सेवा प्रदान गरेको भनी जनाइएको खण्डमा सो लाभको प्रकृति अदृश्य रहन जान्छ जो व्यावसायिक मर्यादा विपरित हुनेछ, तसर्थ यसो गर्न निषेधित गरिएको हो ।

९) <u>साविकभन्दा घटि शुल्कमा नियुक्ती स्वीकार</u> **(Undercutting) :**

**बिशेष परिस्थितिमा बाहेक साविक शुल्क भन्दा कम शुल्क लिएर लेखाव्यवसाय सम्बन्धी कार्य स्वीकार गर्नु हुँदैन ।**

तर, मूलभूत रुपमा साविक भन्दा कम समयमा गुणस्तरमा आंच नआउने तरिकाले सेवा प्रदान गर्नसकिने पर्याप्त आधार भएको खण्डमा घटी शुल्कमा व्यावसायिक कार्य स्वीकार गरेको परिस्थितिमा आचार संहिताको उल्लंघन भएको मानिनेछैन । अघिल्लो बर्षका भन्दा कम समयमा कार्य सम्पन्न हून सकिने अवस्थाहरुका केही उदाहरणहरु तल दिइएकोछ ।

- ग्राहकको कारोवारमा सारभुत रुपमा कमी आएमा, ग्राहकको शाखा कार्यालयहरु बन्द भएमा वा संगठनात्मक स्वरुप परिवर्तनका कारणले प्रस्तावित कार्यभार साविक लेखाव्यवसायीको भन्दा घटी भएमा ।
- साविक लेखाव्यवसायीले आफूले खर्च गरी लेखा व्यवसायिक कार्य गरेको कारणले सो समेत जोडी धेरै शुल्क लिएको र पछि आउने लेखाव्यवसायीले कार्य गर्दा आफ्नो खर्च नभएको कारणले घटी शुल्क लिएर कार्य गरेमा ।
- साविक लेखाव्यवसायीले लेखापरीक्षणको सिलसिलामा ग्राहकको शाखा कार्यालयहरुमा स्थलगत भ्रमण गरी लेखापरीक्षण गरेको रहेछ र उसले सो वापत भ्रमण खर्च तथा अन्य आकस्मिक खर्चहरु पनि शुल्कमा समावेश गरी लिएको तर पछि आउने लेखाव्यवसायीले ग्राहकको केन्द्रिय कार्यालयमा नै बसी त्यही श्रेस्ता मगाएर लेखापरीक्षण गर्दा कम शुल्क हुन गएमा ।
- आन्तरिक नियन्त्रण एवं लेखा पद्धति, सूचना प्रणालिमा साबिकको भन्दा प्रभावकारी सुधार आएको भएमा ।
- आन्तरिक लेखापरीक्षकको व्यवस्था नगरिएको अवस्थामा भन्दा आन्तरिक लेखापरीक्षण गरिएको अवधिको लेखापरीक्षण गर्दा कामको परिमाण कम हुन जाने भएकाले साविक लेखापरीक्षकले भन्दा कम शुल्क लिई कार्य गरेमा ।
- एक वर्षको लेखापरीक्षण शुल्कको तुलनामा दुई वा सो भन्दा बढी वर्षहरुको एकै पटक लेखापरीक्षण गर्दा प्राप्त शुल्कलाई प्रति वर्षको हिसाब गर्दा साविक एक वर्षको लेखापरीक्षण शुल्क भन्दा घटी हुन गएमा ।

व्याख्या:

लेखाव्यवसायीले लेखा व्यवसाय सम्बन्धी काम प्राप्त गर्नको लागि साविक लेखाव्यवसायीले भन्दा कम शुल्क लिई सोही प्रकृतिको लेखा व्यवसाय सम्बन्धी कार्य प्राप्त गर्ने अस्वस्थ प्रतिस्पर्धालाई रोक्नुपर्दछ । कुनै पनि व्यक्ति, कम्पनी वा संगठित संस्था, फर्म आदिमा साविक लेखाव्यवसायीले लिंदै आएको शुल्क

भन्दा कम शुल्क लिएर सोही प्रकृतिको काम गर्दा लेखाव्यवसायीको विश्वसनियता तथा कामको गुणस्तरमा आंच आउन सक्दछ ।

लेखाव्यवसायीले आफ्नो सम्बन्धित क्षेत्रमा रहेको व्यवसायिक दखलता, अनुभव, सेवा प्रदान गर्दा लाग्ने समय र कार्य क्षेत्र, स्थान, कामको परिणाम, कामको प्रकृति तथा नियुक्तीका अन्य शर्तहरु लगायतका कुराहरुलाई आधार बनाएर मात्र सेवा प्रदान गरे वापतको शुल्क वा पारिश्रमिक लिनु पर्दछ । सोको आधारमा शुल्क वा पारिश्रमिक घटी/बढी हुन सक्दछ । तर कम शुल्क लिएकै आधारमा लेखा व्यवसायको स्तर तथा मापदण्ड कायम नराखी कार्य गर्नु हुदैन ।

यदि कुनै लेखापरीक्षकले लेखापरीक्षण गरी आएको प्रतिवेदनमा के कति लेखापरीक्षण शुल्क लिएको हो उल्लेख नगरी प्रतिवेदन आएको छ भने त्यस्तो अवस्थामा त्यसपछि लेखापरीक्षण गर्ने लेखापरीक्षकलाई लेखापरीक्षण शुल्क थाहा नहुने भएकोले आफूले लिएको शुल्क घटी, बढी के छ थाहा नहुन सक्दछ । तर यस अवस्थामा लेखापरीक्षकले व्यवस्थापनसंग सम्पर्क गरी साविक लेखापरीक्षण शुल्क कति हो भनी बुझ्ने प्रयास गरी शुल्क तय गरिनु पर्दछ ।

१०) <u>कार्य शुरु गर्नु अगाडि शुल्क निर्धारण गर्ने</u>

**लेखा व्यवसायिक सेवा शुरु हुनु भन्दा अगावै शुल्क निर्धारण नगरी वा शुल्क निर्धारण गर्ने आधार तय नगरी नियुक्ती स्वीकार गर्नु हुदैन ।**

<u>व्याख्या:</u>

लेखाव्यवसाय सम्बन्धी सेवा प्रदान गर्ने बेलामा भएको सहमतिमा शुल्कको कुरा उल्लेख नगरिकन पछि मात्र लेखाव्यवसाय सम्बन्धी कार्य भैसकेपछि शुल्क लिने बेलामा साविक लेखाव्यवसायीले भन्दा घटी शुल्क लिएको पत्ता लागेमा समेत आचार संहिता उल्लंघन गरेको मानिनेछ ।

शुल्कका सम्बन्धमा असमझदारी पैदा हुन नदिन ग्राहक र पेशागत व्यवसायमा संलग्न लेखाव्यवसायी दुवैको हितको दृष्टिकोणले सेवा शुरु हुनु भन्दा अगाडि नै शुल्क गणना गर्ने आधार र कुल शुल्क स्पष्ट उल्लेख गरी लिखत बनाई राख्नु वाञ्छनीय हुन्छ । (आचार संहिता २०६० अनुच्छेद १०.९)

कार्य शुरु गर्न अगावै शुल्क तोक्न कठीन भएमा लेखाव्यवसायिक शुल्कको आधार तय गरि सम्भाव्य शुल्क समेत तोकी कार्य शुरु गर्न सकिनेछ ।

सम्बद्ध पेशागत सेवाको लागि अवश्यक ज्ञान र सीप, सेवामा लागेका व्यक्तिहरूले हासिल गरेको प्रशिक्षण र अनुभवको स्तर, सेवा प्रदानको दौरानमा संलग्न प्रत्येक व्यक्तिले प्रयोग गरेको समय, जिम्मेवारीको गहनता लगायतका कुरा समेत विचार गरी पेशागत शुल्क निर्धारण गर्नु पर्दछ । (आचार संहिता अनुच्छेद १०.२)

लेखापरीक्षण शुल्क बाहेक पेशागत शुल्क साधारणतया सेवा प्रदान गर्ने व्यक्तिहरूको दैनिक वा घण्टाको हिसावमा उपयुक्त दरको आधारमा गणना गर्नु पर्दछ । यी दरहरू लेखाव्यवसायीको संगठन र आचरण एवं ग्राहकलाई प्रदान गरिएको सेवा योजना, नियन्त्रण र व्यवस्थापन गरिने जस्ता संसाधनमा आधारित गरिनु पर्दछ । (आचार संहिता २०६० अनुच्छेद १०.३)

लेखाव्यवसायीले तत्काल वा भविष्यमा सेवा प्रदान गर्दा लाग्ने शुल्क वा अनुमानित शुल्क वा भविष्यमा शुल्क बढाउनु पर्ने जस्तो लागेमा सो जानकारी समय मै ग्राहकलाई दिनु पर्दछ । (आचार संहिता २०६० अनुच्छेद १०.४ र १०.६)

११) <u>सांयोगिक पारिश्रमिक</u>

**लेखाव्यवसायीले आफ्नो पारिश्रमिकलाई अनिश्चित नतिजा माथि आधारित हुने गरी सांयोगिक पारिश्रमिक पाउने शर्तमा नियुक्ती स्वीकार गर्नु हुदैन ।**

तर निम्न परिस्थितिमा आचार संहिताको उल्लंघन भएको मानिनेछैन ।

क) संगठित संस्थाको खारेजीको कार्यमा लिक्विडेटर वा रिसिभरको पारिश्रमिक उक्त संस्थाको सम्पत्तिको मुल्यांकन वा बिक्रीको आधारमा तोक्ने प्रचलन रहेको हुंदा त्यस्तो अवस्थामा सम्पत्तिको मुल्यांकन वा विक्रीको प्रतिशतमा लेखाव्यवसायीको पारिश्रमिक वा शुल्क तोकिएकोमा,

ख) कानुनद्धारा वा अदालतको निर्णयले कुनै निश्चित कार्य सम्पादन गरे पश्चात सोबाट प्राप्त परिणामको अनुपातमा वा प्रतिशतमा शुल्क वा पारिश्रमिक तोकिएकोमा ।

व्याख्या:

ग्राहकको मुनाफाको आधारमा आफ्नो व्यवसायिक शुल्क लिंदा यस्ले स्वतन्तत्रा माथि प्रतिकुल प्रभाव पर्न जाने भएकाले लेखाव्यवसायीले लेखा व्यवसाय सम्बन्धी कार्य गर्दा ग्राहकको वार्षिक मुनाफाको आधारमा निश्चित प्रतिशत रकम शुल्क लिने शर्तमा लेखाव्यवसाय सम्बन्धी कार्य गर्न हुंदैन ।

लेखाव्यवसायीले शुल्क वा पारिश्रमिकलाई सेवाबाट प्राप्त हुने नतिजासंग संलग्न गराउन समेत हुंदैन । तोकिएको नतिजा प्राप्त नभएमा शुल्क नलिने किसिमले ग्राहकलाई सेवा प्रदान गर्न वा त्यसरी सेवा प्रदान गर्ने प्रस्ताव गर्न हुंदैन ।

लेखाव्यवसायीले आफूले लेखापरीक्षण गर्ने संस्थाको मुनाफा वा ग्राहकले प्राप्त गर्ने फाइदाको आधारमा पारिश्रमिक पाउने अनुपात वा प्रतिशत निर्धारण गर्नाले बढी पारिश्रमिक प्राप्त गर्ने उद्देश्यले ग्राहकको वा लेखापरीक्षण गरिएको संस्थाको फाइदा वा मुनाफामा अनावश्यक तरिकाले बृद्धि देखाउन सक्ने संभावना रहने भएकोले र यसबाट लेखापरीक्षकको व्यवसायिक स्वतन्त्रता र स्वच्छतामा प्रतिकूल प्रभाव पर्न सक्ने भएकोले लेखाव्यवसायीहरुले संस्था वा ग्राहकको मुनाफा तथा फाइदालाई प्रत्यक्ष आधार बनाई सोको अनुपातमा वा प्रतिशतमा आफ्नो सेवा वापतको पारिश्रमिक लिनु वा निर्धारण गर्नु हुंदैन ।

**द्रष्टव्य:** यस आचार संहिता निर्देशिकामा उल्लेख भएका कुराहरु आफैमा पूर्ण होइनन् । अत: निर्देशिकामा उल्लेख नभएको भए पनि लेखाव्यवसायीले आचार संहिताको सैद्धान्तिक मूल्य र मान्यता विपरितका अन्य कुनै कार्यहरु समेत गर्नु हुंदैन । व्यवसायिक कार्य प्राप्तिको लागि आग्रह गर्दा, नयां कार्यको स्वीकार गर्दा र शुल्क तथा कमिशन निर्धारण गर्दा लेखाव्यवसायीले सार्वजनिक हित र आफ्नो पेशा व्यवसायको मर्यादा मा आंच आउने गरी कुनै पनि कार्य गर्नु हुंदैन ।

---

**परिषदको निर्णयानुसार यो निर्देशिका नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन, २०५३ (संशोधन सहित) को दफा ११ को खण्ड (ठ) बमोजिम मिति २०६५ साल आषाढ २ गते देखि सम्पूर्ण लेखाव्यवसायीहरुले पालना गर्नु पर्ने गरी जारी गरिएको छ ।**

---

*ऐन भन्नाले "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संशोधन) ऐन, २०५३" लाई जनाउंछ ।*

*नियमावली भन्नाले "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१" लाई जनाउंछ ।*

*लेखाव्यवसायी भन्नाले लेखा व्यवसाय संचालन गर्ने नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाका सदस्यलाई जनाउदछ ।*